सिम्रौनगढ नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
सिम्रौनगढ, बारा
प्रदेश नं. २, नेपाल
फोन: ०५३-४११०३५

पत्र संख्या:-
चलानी नम्बर:-

मिति:- २०७८/०५/२८

## प्रेस विज्ञप्ती

मिति २०७८ साल भदौ २८ गते विहान ९.४५ बजे सिम्रौनगढ नगरपालिकाको कार्यालय तथा नगर अस्पतालमा यसै नगरपालिकाका वडा नं. २ महुवाही बस्ने ताराचन्द प्रसाद साहको नेतृत्वमा निज समेतले सोही वडाका सुधिर साह, सत्येन्द्र साह, मनोज साह तथा वडा नं. २ अमृतगंजका परमानन्द मुखिया वडा नं. ७ बस्ने सनी गुप्ता र रिजवान अंसारी एवं वडा नं. ४ हरिहरपुरका विजय जयसवाल वडा न.६ मा बस्ने बिकी सरार्फ(सोनार),रामजन्म महतो कोईरी समेतले उपस्थित भई अचानक नगरअस्पताल तथा नगरपालिका कार्यालयमा तोडफोड गरी यसै नगरपालिका कार्यालयमा कार्यरत स्वास्थ्यकर्मी तथा कर्मचारी प्रयाग महतो, दयारिषी प्रसाद कुशवाहा, रविन हुसेन, लालबाबु मुखिया , सुरेन्द्र प्रसाद साह, शंभु साह , निर्मला कुमारी ठाकुर तथा नगर प्रहरी हवल्दार चन्दन दुवे, अरविन्द कुमार यादव, सुमित प्रसाद यादव, राजकिशोर साह र नागेश्वर प्रसाद यादव समेतलाई निर्घात कुटपिट गरी अस्पताल परिसर तथा नगरपालिका कार्यालयमा भौतिक सम्पतिको तोडफोड गरी हुल हुजत गर्दै कर्मचारी वर्गमा दहसक फैलाई सेवा समेत अवरुद्ध गरेकोमा सो सन्दर्भमा कार्यालयको तर्फबाट बुझ्दा यस नगरपालिका वडा नं. २ महुवाहीका सुवोध प्रसाद साहको छोरा उपचार मृत्यूको सन्दर्भमा घटना भएको भनी थाहा पाउदा सो सन्दर्भमा नगरअस्पतालमा कार्यरत स्वास्थय कर्मीहरु सँग कार्यालयको तर्फबाट बुझ्दा उक्त मृतक बालकको बुवा बालक सहित सिम्रौनगढ अस्पतालमा उपचारको लागी मिती २०७८/५/२७ गते आइतबार राती १ बजे उपस्थित हुने वितिकै उपचारमा खटिएका स्वास्थ्य कर्मी सुलतान अनसारीले बालकको अवस्था अति नै संवेदनशील रहेकोले बच्चालाई उच्च उपचारको आवश्यकता रहेकाले भनि सल्लाह दिए अनुसार निज बालकका बुवाले उपचारका लागी अन्तै लगेको व्यहोरा साचो हो निजले नगर अस्पताल बाट उपचार नलिएको र निजको मृत्यू कुन कारणले भएको सो सन्दर्भमा नगरअस्पताललाई जानकारी नरहेको साथै निज बालकको मृत्यू प्रति हामी नगरपालिका परिवार शोक संवेदना व्यक्त गर्दै दोषीहरुले गरेको अराजक, अमार्यादित क्रियाकलापमा संलग्नलाई अविलम्ब पक्राउ गरी कार्यवाहीका लागि माँग गर्दै तालुक निकाय , सुरक्षा निकाय समेत लाई अनुरोध गर्दै २४ घण्टा भित्र कार्यवाही नभएमा यस नगरपालिका मातहतका सम्पूर्ण काम काज ठप्प समेत गर्ने छौ ।

०७८/५/२८

वीरेन्द्र प्रसाद साह
नि. प्रमुख प्रशासकीय अधिकृत